National News

16/10/2025

<u>प्रमुख समाचार</u>

- प्रधानमन्त्रीद्वारा कुरनूलमा विभिन्न परियोजनाको उदघाटन र शिलान्यास
- राष्ट्रपतिको संयुक्त राष्ट्र सैन्य योगदानकर्ता देशका सेना प्रमुख र उप-प्रमुखहरूसित भेट
- केन्द्रिय सञ्चार एवं पूर्वोत्तर क्षेत्र विकास मन्त्रीद्वारा उपराष्ट्रपतिसित भेट
- गृह मन्त्रीले भन्नुभयो, विगत दुई दिनमा दुई सय अन्ठाउनजना वामपन्थी उग्रवादीद्वारा हिंसाको त्याग
- बिहार विधानसभा चुनाउका लागि प्रचारले जोड़ पक्डिँदै

- <u>PM AP visit</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आन्ध्र प्रदेशको कुरनूलमा लगभग तेह्र हजार चार सय तीस करोड़ रूपियाँका विभिन्न विकास परियोजनाहरूको उदघाटन, शिलान्यास र राष्ट्रलाई समर्पित गर्नुभयो। यी परियोजनाहरू उद्योग, विद्युत प्रसारण, सड़क, रेलवे, रक्षा विनिर्माण, पेट्रोलियम एवं प्राकृतिक ग्यासहित प्रमुख क्षेत्रहरूमा फैलिएका छन्।
यस अवसरमा बोल्दै प्रधानमन्त्रीले स्वच्छ ऊर्जा र बिजुलीको पहुँचमा भारतको तीव्र प्रगतिको उल्लेनख गर्नुभयो।
श्री मोदीलेले GST-मा सुधारका कारण राज्यलाई भइरहेको वित्तीय लाभको पनि उल्लोख गर्नुभयो। यसबाट अनुमानित आठ हजार करोड़ रूपियाँभन्दा अधिकको बचत हुने आशा छ। प्रधानमन्त्रीले भन्नुभयो, यस बचतले तीहारको सीजनलाई अझ राम्रो बनाउनेछ अनि मानिसहरूलाई जागरुकता र भागीदारीसितै GST बचत उत्सव मनाउनका लागि प्रेरित गर्नेछ।
आन्ध्र प्रदेशको प्रौद्योगिकीको उल्लेख गर्दै श्री मोदीले कुरनूललाई भारतको पहिलो ड्रोन हबका रूपमा स्थापित गर्ने सम्बन्धीत राज्यको प्रयासको सराहना गर्नुभयो। प्रधानमन्त्रीले 2047-सम्ममा भारतले आफ्नो स्वतन्त्रताको सय वर्ष पूरा हुँदासम्ममा वास्तवमै एक विकसित भारत भएको हुने कुराको विश्वास रहेको बताउनुभयो।
यस अवसरमा मुख्यमन्त्री चन्द्रबाबू नायडू र उपमुख्यमन्त्री पवन कल्याण पनि उपस्थित हुनुहुन्थ्यो। प्रधानमन्त्री आज बिहान आन्ध्र प्रदेशको एक दिवसीय भ्रमणमा कुरनूल पुग्नुभयो।

- <u>President-Army Chiefs Conference</u>

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा आयोजित सेना प्रमुख सम्मेलनमा भाग लिइरहेका संयुक्त राष्ट्र सैन्य योगदानकर्ता देशहरूका सेना प्रमुख तथा उप-प्रमुखहरूसित भेट गर्नुभयो। राष्ट्रपतिले प्रतिनिधिहरूलाई स्वागत गर्दै वैश्विक शान्ति एवं स्थिरता बनाइ राख्नमा संयुक्त राष्ट्र शान्ति मिशनद्वारा गरिएका महत्त्वपूर्ण योगदानको सराहना गर्नुभयो। राष्ट्रपतिले शान्ति अभियानप्रति राष्ट्रको दृढ प्रतिबद्धता र सेनाहरूमा लैङ्गिक समावेशनलाई बढ़ावा दिनमा रहेको यसको नेतृत्वकारी भूमिकामाथि पनि प्रकाश पार्नुभयो। यो कुरा उहाँले एउटा सोशल मिडिया पोस्टमा भन्नुभएको छ।

राष्ट्रपति श्रीमती मुर्मुले भन्नुभयो, शान्ति स्थापनाको यात्रामा, भारतले लैङ्गिक समावेशनमा सराहनीय प्रगति गरेको छ। उहाँले यो पनि भन्नुभयो कि महिला शान्ति सैनिकहरूले स्थानीय समुदायहरूलाई सशक्त बनाएको छ र विश्वासलाई बढ़ावा दिएको छ।

--------------------------------------X--------------------------------------

- <u>VP Scindia meeting</u>

केन्द्रिय सञ्चार एवं पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले आज संसद भवनमा उपराष्ट्रपति CP राधाकृष्णनसित भेट गर्नुभयो। बैठक अवधि उपराष्ट्रपतिलाई केन्द्रिय सञ्चार एवं पूर्वोत्तर क्षेत्र विकास मन्त्रालयको भविष्यको योजना र मुख्य पहलमाथि जानकारी दिइयो। एउटा सोशल मिडिया पोस्टीमा उपराष्ट्रपतिले भन्नुभयो कि उहाँलाई देशमा दूर सञ्चार र इन्टरनेट आधारभूत पूर्वाधारको विस्तार गर्ने जानकारी दिइयो। उहाँले आफूलाई देशको अन्तिम स्थानसम्म सम्पर्क सुनिश्चित गर्ने तथा अधिक सुलभ दरमा डेटा प्रदान गर्नसित सम्बन्धित सरकारको प्रयासबारे अवगत गराएको पनि बताउनुभयो। उपराष्ट्रपतिलाई व्यापक डाक नेटवर्क र इण्डिया पोस्टर पेमेन्ट ब्याङ्कसहित नवाचार परियोजनाहरूको माध्यमबाट यसको संसाधन लाभ उठाउने मन्त्रालयको पहलमाथि पनि जानकारी दिइयो। श्री राधाकृष्णनले भारत सञ्चार निगम लिमिटेड पुनः शुरू गर्ने, डाक विभागको नयाँ पहल र स्पीड पोस्टर प्रणालीको कुशल सञ्चालनको सराहना पनि गर्नुभयो। यसबाहेक, उपराष्ट्ररपतिले पूर्वोत्तर क्षेत्रमा विकासको तीव्र गति, नयाँ अवसरहरूको सीर्जना र समग्र सुरक्षा स्थितिमा सुधार माथि प्रसन्नता व्यक्त गर्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>Saha Naxal</u>

केन्द्रिय मन्त्री अमित साहले भन्नुभयो, विगत दुई दिनमा दुई सय अन्ठाउनजना युद्ध-प्रशिक्षित वामपन्थी उग्रवादीहरूले हिंसाको त्यागेका छन्। एउटा शोससल मिडिया पोस्टमा मन्त्रीले प्रकाश पार्दै भन्नुभयो, छत्तीसगड़मा आज एक सय सत्तरीजना अनि हिजो सत्ताइसजना नक्सलवादीहरूले आत्मसमर्पण गरे। श्री शाहले हिजो महाराष्ट्रमा एक्सटजना मुख्यधारामा फर्किएको पनि जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, विगत एक वर्षमा छत्तीसगड़मा भाजपा सत्तामा आएपछि दुई हजारभन्दा अधिक नक्सलवादीहरूले आत्मसमर्पण गरेको, लगभग अठार सयजना पक्राउ परेको अनि चार सय पचासजनाभन्दा अधिकलाई मारिएको छ।

मन्त्रीले नक्सलीहरूद्वारा हिंसा त्याग्ने र देशको संविधानमा आफ्नो विश्वास जनाउने निर्णयको सराहना गर्नुभयो। नक्सलवाद विरूद्ध लड़ाईमा यसलाई एउटा ऐतिहासिक दिन बताउँदै श्री शाहले भन्नुभयो, एक सयममा आतंकवादीहरूको गड़ रहेको छत्तीसगढ़को अबूझमाड़ र उत्तरी बस्तर, अब नक्सल आतंकबाट मुक्त घोषित गरिएको छ। श्री शाहले आत्मसमर्पण गर्न चाहनेलाई स्वागत छ अनि बन्दुक चलाउन जारी राख्न चाहनेले भारतीय सेनाको क्रोधको सामना गर्नुपर्नेछ भन्ने कुरामा जोड़ दिनुभएको छ।

--------------------------------------X--------------------------------------

- <u>Bihar-Politics</u>

आगामी बिहार विधानसभा चुनाउका लागि प्रचारले जोड़ पक्डीरहेछ। बिहारको दानापुर विधानसभा क्षेत्रमा एउटा जनसभालाई सम्बोधन गर्दै वरिष्ठ भारतीय जनता पार्टी नेता तथा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले भन्नुभयो... उहाँले भन्नुभयो, उत्तर प्रदेश र बिहारको विरासत एकार्कासित जोड़िएको छ।

पटनामा पत्रकारहरूसित कुरा गर्दै भाजपा सांसद अनुराग ठाकुरले दावी गर्नुभयो कि बिहारले गति पक्डिएको छ र NDA सरकारअन्तर्गत पचास लाखभन्दा अधिक मानिसहरूलाई  नोकरी मिलेको छ।

यसैक्रममा, पत्रकारहरूसितको कुराकानीमा महागठबन्धन दलहरूबीच आशन बाँड़फाड़माथि कंग्रेस नेता पवन खेड़ाले भन्नुभयो कि काम राम्रोसित चल्दैछ र चुनाउ चिन्ह बाटिँदैछ।

--------------------------------------X--------------------------------------

- Chauhan - PMGSY Scheme

ग्रामीण विकास मन्त्री शिवराज सिंह् चौहानले आज नयाँ दिल्लीमा एउटा उच्च स्तरीय बैठकअवधि प्रधानमन्त्री ग्राम सड़क योजना (PMGSY)-को प्रगतिको समीक्षा गर्नुभयो। मन्त्रालयले एउटा वक्तव्यमा भनेको छ, बैठकअवधि केन्द्रिय मन्त्रीलाई प्रत्येक राज्यमा PMGSY-को प्रगतिबारे जानकारी दिइयो। यस बैठकमा पूर्वोत्तर राज्य र छत्तीसगढ़सहित वामपन्थ चरमपन्थवाद प्रभावित क्षेत्रहरूमा विशेष रूपमा ध्यायन केन्द्रित गरियो।

श्री चौहानले अधिकारीहरूलाई पूर्वोत्तर क्षेत्रमा विकास कार्य तीव्र गर्ने निर्देश दिनुभयो। केन्द्रिय मन्त्रीले भन्नुभयो कि उहाँले यस क्षेत्रमा एउटा समर्पित समीक्षा बैठकको चाड़ै अध्यक्षता गर्नुहुनेछ। उहाँले कार्यमा गति ल्याउन र राज्य सरकारहरूसित समन्वयमा कुनै प्रकारको चुनौतीको शीघ्र समाधान गर्ने निर्देश पनि अधिकारीहरूलाई दिनुभयो।

--------------------------------------X--------------------------------------

- India-UN-GGIM-AP

भारतलाई एशिया र प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र वैश्विक भू-स्थानिक सूचना प्रबन्धन (UN-GGIM-AP)-को क्षेत्रीय समितिमा सह-अध्यक्षको रूपमा चुनिएको छ। भारतले तीन वर्ष अथवा 2028-सम्म समितिको सह-अध्यक्षता गर्नेछ। विज्ञान तथा प्रौद्योगिकी मन्त्रालयले भनेको छ, सह-अध्यक्षका रूपमा भारतको चयनले, वैश्विक भू-स्थानिक क्षेत्रमा राष्ट्रको बढ्दो नेतृत्व र नवाचार, क्षमता निर्माण एवं क्षेत्रीय सहयोगमा यसको योगदानलाई दर्शाउँदछ।

यो चुनाउ गत महिनाको चौबीसदेखि छब्बीस तारिकसम्म कोरिया गणराज्यको गोयाङ-C-मा UN-GGIM-AP-को चौदौं पूर्ण बैठकअवधि आयोजित गरिएको थियो, जसको आयोजना नेशनल ज्योग्राफिक इन्फर्मेशन इन्स्टीट्यूटले गरेको थियो।

--------------------------------------X--------------------------------------

- MEA-Afghan-Pak

विदेश मन्त्रालयले भनेको छ, भारतले अफगानिस्तान र पाकिस्तानबीच स्थितिमा कड़ा नजर राखेको छ। आज दिउँसो नयाँ दिल्लीमा संवाददाताहरूसितको कुराकानीमा मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभयो, यो स्पष्ट छ कि पाकिस्तानले आतंकी संगठनलाई आश्रय दिँदछ अनि आतंकवादी गतिविधिका लागि उत्तरदायी छ। उहाँले भन्नुभयो, आफ्नो आन्तरिक विफलताका लागि आफ्नो छिमेकीलाई दोष दिनु पाकिस्तानको पुरानो आदत हो। श्री जायसवाले भन्नुभयो, पाकिस्तान, अफगानिस्तानद्वारा आफ्नो क्षेत्रमा सम्प्रभुताको प्रयोग गरेकोमा दुःखी छ अनि भारत,

अफगानिस्तानको सम्प्रभुता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताका लागि पूर्ण रूपमा प्रतिबद्ध छ।

---------------------------------------X---------------------------------------

- <u>French PM No confidence Motion</u>

फ्रान्सका प्रधानमन्त्री सेबेस्टियन लेकोर्नूले संसदमा आफू विरूद्ध गरिएको अविश्वास प्रस्तावमा विश्वास मत हासिल गर्नुभएको छ, जसपछि उहाँको सरकार ढल्नबाट बाँचेको छ। प्रधानमन्त्री श्री लेकोर्नूले एउटा विवादास्पद पेन्शन सुधार योजना स्थगित गर्ने वाचा गर्नुभएको थियो।

---------------------------------------X---------------------------------------

- <u>Karnataka – Cabinet</u>

कर्नाटक राज्य मन्त्रीमण्डलले निजी वा गैर-सरकारी संगठनहरूद्वारा सार्वजनिक स्थानको उपयोगलाई विनियमित गर्न सरकारी आदेश जारी गर्ने निर्णय लिएको छ। संसदीय कार्य मन्त्री HK पाटिलले आज बेङ्गलुरुमा मिडियाकर्मीहरूलाई भन्नुभयो, विद्यालय र महाविद्यालयसहित सार्वजनिक स्थानको उपयोग गर्नअघि पूर्व अनुमति लिनुपर्नेछ। उहाँले यो सबै निजी संगठनहरूमाथि लागू हुने पनि बताउनुभयो।

---------------------------------------X---------------------------------------